// नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं माघ १३ गते २०२० साल

श्री ५ को सरकार

रक्षा मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको "शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२०" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

१. सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार तथा त्यस सम्बन्धी सबै अधिकार प्रयोग गरी श्री ५ को सरकारले यी नियमहरू बनाई साधारण अवस्थामा मात्र लागू हुने गरी जारी गरेको छ ।

संक्षिप्त नाम र प्रारम्भः—

(१) यी नियमहरूको नाम "शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२०" रहेको छ ।

(२) यी नियमहरू २०२१ साल वैशाख १ गतेदेखि लागू हुनेछन् ।

२. नियुक्तिः—

स्थायी कमिशन दिनालाई सैनिक सिलेक्शन बोर्डद्वारा अफिसर क्याडेटहरू छानिने छन् । यसरी छानिएका क्याडेटहरूलाई विदेशी सैनिक एकेडेमीको तालीम वा यहां अफिसरी तालीममा शरिक गराइनेछ । यस किसिमको तालीममा उत्तीर्ण हुने क्याडेटहरूलाई पास आउट भएको मितिदेखि सिनियोरिटी कायम गरी से.ले. को दर्जामा कमिशन दिन श्री



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रधानसेनापतिबाट श्री ५ महाराजाधिराजको स्वीकृति निमित्त रक्षा मन्त्रालयमा पेश हुनेछ । कमिशन प्राप्त भएको मितिदेखि तलब खान पाइनेछ । क्याडेटहरूको नोकरी अवधि तालीममा शरिक भएको मितिदेखि प्रमोशनलाई गनिनेछ । तर दीर्घसेवाको निमित्त सेवा गनिंदा कमिशन प्राप्त भएको मितिदेखि गनिनेछ ।

३. खुला प्रतिस्पर्धाः–

से.ले. को दर्जामा कमिशन दिनको निमित्त हुने सिलेक्शन बोर्डको जांचमा देहायका न्यूनतम शर्तमा सबै लायक उम्मेदवारहरू शरिक हुन पाउने छन्ः–

(क) उमेरः– सिलेक्शन हुने वर्षको वैशाख १ गते १७ वर्ष पूरा भएको र २१ वर्ष ननाघेको हुनु पर्छ । तर छानिने वर्षको वैशाख १ गते १७ वर्ष पूरा भएको र २४ वर्षसम्म उमेर भएको साइन्स ग्रयाजुयट पनि लिन सकिनेछ ।

(ख) सैनिक उम्मेदवारः– छानिने वर्षको वैशाख १ गते २६ वर्ष ननाघेको हुनुपर्छ । यस किसिमको सैनिक उम्मेदवारहरूले कमिशन पाएमा जे. सि. ओ. वा सो सरह गरेको सेवा जम्मै, अदरन्यांक र सो सरहको सेवा आधा सिर्फ पेन्सनको लागि मात्र जोडिनेछ ।

(ग) न्यूनतम शैक्षिक योग्यताः– सिनियर क्याम्ब्रिज पास भएको अथवा म्याट्रिकमा गणित लिई आइ. ए., आइ. एस्सी. वा सो सरह न्यूनतम पास हुनु पर्छ ।

(घ) नागरिकताः– नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्नु पर्छ ।

(ङ) राजनीतिमा नलागेकोः– राजनीतिमा नलागेको नियमित प्रमाणपत्र सरकारको विचाराधीन रहनेछ ।

(च) मेडिकल जांचः– सैनिक मेडिकल बोर्डको जांचमा उत्तीर्ण भएको हुनुपर्छ । सो मेडिकल बोर्डले रोग, शारीरिक तन्दुरुस्तीमा थप देहायका कुरा हेर्नेछ ।

(छ) (अ) उचाइ घटीमा ५ फिट ३ इन्च भएको ।

(आ) छाती नफुलाउंदा घटीमा ३२ इन्च भएको ।

(इ) ११० पौण्डभन्दा कम तौल नभएको ।

(ई) चश्मा लगाएको भए प्लस वा माइनस २ः४ भन्दा बढी हुनु हुंदैन ।

(उ) अंगभंग कुरूप नभएको हुनु पर्छ ।

(ऊ) बोली स्पष्ट हुनु पर्छ, लर्बराउने र भकभके हुनु हुंदैन ।

उक्त छ प्रकरण साबिक सेवाका सैनिक उम्मेदवारहरूलाई लागू हुनेछैन । तापनि शारीरिक तन्दुरुस्ती र रोगसम्म उक्त मेडिकल बोर्डले जांच गरी सन्तुष्टी लिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. शर्तः–

खास सन्धिसर्पन परेको प्रमाणित नभै विदेशी सैनिक एकेडेमी अथवा नेपाल अधिराज्यभित्र तालीम पाउंदा पाउंदै दा पास आउट भै आएपछि कमिशन हुनुभन्दा अगाडि छाडी गएमा सो तालीम बापत भएको खर्च श्री ५ को सरकारमा बुझाउनु पर्छ। कमिशन पाएपछि शपथग्रहण गर्नुपर्छ, कमिशन पाएको ७ वर्षभित्र सेवा छाडी गए तालीम हुंदाको सम्पूर्ण खर्च श्री ५ को सरकारमा बुझाउनु पर्छ, सो नबुझाए सरकारी बांकी नतिर्ेका ऐन बमोजिम कानूनी करवाइद्वारा असूल उपर गरिनेछ।

५. सैनिक प्रवर समितिः–

खुला प्रतिस्पर्धामा भाग लिने उम्मेदवार छानवीन गर्न लोकसेवा आयोगको प्रतिनिधिका रोहवरमा देहाय बमोजिम सैनिक प्रवर समिति गठन हुनेछ।

(क) अध्यक्ष– वृ.ज. सोभन्दा माथिल्लो दर्जाका अफिसर
(ख) सदस्य– ले.क. वा सोभन्दा माथिल्लो दर्जाको अफिसर
} श्री प्रधान सेनापतिबाट

(ग) सदस्य– सचिव, डि. एम. टी.।

६. जे. सी. ओ. लाई कमिशनः–

बहालवाला लायक जे. सी. ओ. हरूले कमिशनको मौका पाउन् भन्ने हेतुले अफिसर खालिमा अवस्था हेरी ५० प्रतिशतसम्म उनीहरूलाई कमिशन दिन सकिनेछ। यसरी छानिएका जे. सी. ओ. हरूले कमिशन पाउनु अगाडि अफिसर हुने तालीममा शरिक भै त्यस तालीममा उत्तीर्ण हुनुपर्छ।

७. जे. सी. ओ. कमिशनको शर्तः–

(क) कमिशन पाउनालाई अफिसर हुने तालीममा शरिक भएको वर्षको वैशाख १ गते ४० वर्ष ननाघेको हुनुपर्छ।

(ख) अफिसर हुने तालीममा शरिक हुन र कमिशन निमित्त छानिन २ पटकसम्म मौका दिइने छ।

(ग) कमिशन निमित्त छानिएपछि असाधारण विशेष कारणबाट अफिसर हुने तालीममा शरिक हुन नसकेमा वर्षदिनभित्रै अर्को त्यस्तै तालीमको व्यवस्था भएमा शरिक हुन पाइनेछ।

(घ) यस किसिमले कमिशन पाएका जे.सी. ओ. कोले. से.ले. मा प्रमोशन हुन सक्नेछ।

(ङ) कमिशन पाएमा जे. सी. ओ., अदरन्यांक र सो सरहको सबै सेवा विभिन्न पेन्सन र उपदानको निमित्त मात्र जोडिनेछ। प्रमोशन दीर्घसेवा इत्यादिको निमित्त जोडिनेछैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) ज. सी. ग्रो. बाट कमिशन न ५ वर्षभन्दा घटी सेवा हुनु हुंदैन ।

(छ) कमाण्डरको नियमित तर विपरीत रिपोर्ट परेको जे. सी. ग्रो. कमिशनलाई उम्मेदवार हुन पाउने छैन ।

(ज) कमसे कम ग्रार्मि एजुकेशन फष्ट क्लास पास गरेको हुनुपर्छ ।

८. जे. सी. ग्रो. सिलेक्शन बोर्ड :–

जे. सी. ग्रो. लाई कमिशन दिनु ग्रगाडि ग्रफिसर हुने तालीममा शरिक गराउन ःलवीन गर्न देहाय बमोजिम बोर्ड गठन हुनेछः–

(क) ग्रध्यक्ष– वृ.ज. । क.

श्री प्रधान सेनापतिबाट मनोनीत

(ख) सदस्यहरू– ले.क. र क. मा ४ चार

(ग) सचिव– डि. एम. टी. को प्रतिनिधि ।

९. प्रमोशनः–

समयको ग्रवधिबाट सब्स्टच्याण्टिभ प्रमोशनको नियम देहाय बमोजिम हुनेछः–

(क) से.ले. बाट ले.– रिट्रेन्शन जांच पास गरेको छ भने सन्तोषजनक २ वर्ष सेवा पुग्ना-साथ ।

(ख) ले. बाट कप.– प्रमोशन जांच पास गरी ७ वर्ष सन्तोषजनक सेवा पुगी लायक ठहरिएर खालि ठाउं छ भने ।

(ग) कप. बाट मेजर– प्रमोशन जांच पास गरी १२ वर्षको सन्तोषजनक सेवा पुगी लायक ठहरिए खालि ठाउं छ भने ।

१०. रिट्रेन्शन र प्रमोशन जांचको नियमः–

(क) बेसिक काडर, इण्डियन मिलिटरी एकेडेमी, स्याण्डहर्ष्ट वा सो सरहको जांचलाई रिट्रेन्शन जांच मानिनेछ, ग्रौ टचाक एण्ड एडम, जे. सी. सी. कम्पनी कमाण्डर्स कोर्स वा सो सरहको जांचलाई प्रमोशन जांच मानिनेछ ।

(ख) विदेशमा गरेको कोर्स एजुकेशनहरूको प्रमाणपत्र पेश गरेमा र सोही कोर्स, एजुकेशन दुरुस्त मिली यहां ग्रावश्यक भै चालू भएमा सो कोर्सहरू फेरि यहां गर्नु पर्दैन । सो बापत ग्ररू सरह एजुकेशन एलाउन्स मिल्न सक्नेछ । यस्तो कोर्सको छुट् पाउने-हरूको विवरण कोर्स चालू हुनु ३५ दिन ग्रघि शाही सैनिक ग्रादेशमा प्रकाश गरे-पछि मात्र एजुकेशन एलाउन्स खुवाउन मिल्नेछ ।

(ग) मेजरसम्मको प्रमोशन श्री प्रधान सेनापतिबाट हुनेछ । सो प्रमोशन गजेटमा प्रकाश गर्नालाई रक्षा मन्त्रालयमा पेश गर्नु हुनेछ । ले.क. र सोभन्दा माथि दर्जाको प्रमोशनहरू श्री प्रधान सेनापतिले श्री ५ महाराजाधिराजको स्वीकृति लाई रक्षा मन्त्रालयमा पेश गर्नु हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. सिलेक्शनबाट प्रमोशनः—

देहाय बमोजिम सेवा भएपछि सब्स्टचाण्टिभ दर्जामा सिलेक्शनद्वारा खालिमा प्रमोशन हुन सक्नेछ ।

(क) मेजरबाट ले.क.— कममा १६ वर्षको सेवा पुगिसकेपछि हुन सक्नेछ ।

(ख) ले.क. बाट क.— कममा १९ वर्षको सेवा पुगिसकेपछि हुन सक्नेछ ।

(ग) क. बाट वृ.ज.— कममा २१ वर्ष सेवा पुगिसकेपछि हुन सक्नेछ ।

(घ) वृ.ज. बाट मे.ज. र सोभन्दा माथि— कममा २३ वर्ष सेवा पुगिसकेपछि हुन सक्नेछ ।

१२. आक्टिङ्ग प्रमोशनः—

प्रमोशन जांचमा उत्तीर्ण भएका अफिसरहरूलाई तलब खान पाउने गरी आफ्नो सब्स्टचाण्टिभ दर्जाभन्दा माथिल्लो दर्जाको खालिमा काम सुचारुरूपले चलाउन श्री प्रधान सेनापतिको रायमा आवश्यक ठहरिए आक्टिङ्ग दर्जामा रीतपूर्वक प्रमोशन दिन सकिने छ । त्यस्ता अफिसरले देहाय बमोजिम कमिशन सेवा पूरा गरेका र लायक ठहरिएको हुनु पर्छः—

आ. कप. लाई— ५ वर्ष

आ. मेजरलाई— ९ वर्ष

आ. ले.क. लाई— १३ वर्ष

आ. क. लाई— १७ वर्ष

आ. वृ.ज. लाई— २० वर्ष

आ. मे.ज. र माथि— २२ वर्ष ।

१३. अस्थायी व्यवस्थाः—

ले.क. देखि मे.ज. सम्मले गर्ने काममा कुनै कारणले सो पद केही समयलाई रिक्त हुन आएमा त्यस्तो पद पूर्ति गरी काम चलाउन समान दर्जाका अफिसरलाई बढीमा ६ महीनाको निमित्त प्रधान सेनापतिको सिफारिशमा श्री ५ को सरकारबाट स्वीकृति दिन सकिनेछ । ले.ज. र सोभन्दा माथिको दर्जामा यस्तो अस्थायी व्यवस्थालाई श्री प्रधान सेनापतिको रिफारिशमा श्री ५ को सरकार रक्षा मन्त्रालयमार्फत श्री ५ महाराजाधिराजको स्वीकृतिलाई अनुरोध हुनेछ ।

१४. टेम्पोररी प्रमोशनः—

ले.क. र सोभन्दा माथिको दर्जामा टेम्पोररी प्रमोशन गर्नु परेमा स्वीकृतिको निमित्त श्री प्रधान सेनापतिले श्री ५ को सरकार रक्षा मन्त्रालयमा सिफारिश पठाउनु हुनेछ, तर जुन कामको निमित्त टेम्पोररी प्रमोशन गरिएको हो त्यो काम सकिएपछि फेरि आफ्नै साबिक दर्जामा फर्कनु पर्छ । यस्तो दर्जा वर्षदिनसम्मलाई मात्र दिइनेछ । त्यस्तै असाधारण अवस्थामा मात्र उचित म्याद थप हुन सक्नेछ । अस्थायी व्यवस्था र टेम्पोररी दर्जाको तलब खान पाइने छैन ।

५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. लोकल प्रमोशनः–

माथि दफा १४ बमोजिम हुनेछ, तर म्यादको हकमा वर्ष दिनको सट्टा काम नसकिएसम्म झै तलब सब्स्टचाण्टिभ दर्जाकै हुनेछ । काम सकिने अनुमानित अवधि अघिबा तोक्नुपर्छ ।

१६. प्रमोशन नसुनाइनेः–

देहायका अवस्थामा प्रमोशन सुनाइने छैन ।

(क) जुनसुकै प्रकारको बिदा बसेको बेलामा ।

(ख) मेडिकल क्याटगोरी "ए" भन्दा कम भएको बेलामा ।

(ग) कोर्स गर्न विदेश गैरहेको बेलामा ।

(घ) कोर्टमार्शल वा सैनिक अदालतमा कुनै मुद्दा परी सफाइ नहुन्जेल ।

१७. प्रमोशन सिलेक्शन बोर्डः–

आक्टिङ्ग वा सब्स्टचाण्टिभ ले.क. र क. दर्जाको प्रमोशनलाई देहाय बमोजिम बोर्ड श्री प्रधान सेनापतिको आदेशानुसार गठन हुनेछ । सो बोर्डको सिफारिशमा श्री प्रधान सेनापतिले विवेकपूर्ण राय श्री ५ को सरकार रक्षा मन्त्रालयमा पेश गर्नु हुनेछ :–

(क) अध्यक्ष – श्री. सी. जी. एस. (अनुपस्थितिमा सिनियर मे.ज.)

सदस्य– स्टाफमा रहनु भएको मे.ज. १, र कमाण्डमा रहनु भएको वृ.ज. १

सचिव– मिलिटरी सेक्रेटरी ।

(ख) आक्टिङ्ग वा सब्सृट् चाण्टिभ कप. र मेजर दर्जाको प्रमोशनलाई पनि उप–दफा (क) बमोजिम बोर्ड श्री प्रधान सेनापतिको आदेशानुसार गठन हुनेछ । उक्त बोर्डको सदस्यहरू प्रत्येक ६ महिनामा बदली हुनेछ । त्यसरी सिलेक्शन बोर्डले प्रमोशनको निमित्त विचार गर्दा कमाण्डरको विपरीत रिपोर्ट नियमित तरीकाले सनप्रनै परेका अफिसरको विचार गर्नेछैन ।

१८. अवधिः–

सिनियर अफिसरहरूलाई देहाय बमोजिम अवधि लाग्नेछः–

जनरल– ५ वर्षको एक अवधि

ले.ज. र मे.ज.– ५ वर्षको एक अवधि

वृ.ज.– ५ वर्षको एक अवधि

क. – ५ वर्षको एक अवधि

ले.क.– ५ वर्षको एक अवधि ।

टिप्पणीः– (क) तर वफादारीसाथ लामो सेवा गरेको ले.क. र वृ.ज. हरूको आवश्यकता प्रधान सेनापतिले महसूस गरी काम दिन सक्ने शारीरिक तन्दुरुस्ती झै विशेष

४५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सिफारिश भएमा पहिलो ५ वर्ष पूरा भएपछि अर्को ३ वर्ष र २ वर्षको अवधि क्रमशः थप हुन सक्नेछ ।

(ख) वृ.ज. र ले.क. को अवधि थप बारे दफा १७ मा उल्लेख भएको बोर्डको सिफारिशमा श्री प्रधान सेनापतिले विवेक पूर्ण राय व्यक्त गरी स्वीकृतिको लागि श्री ५ को सरकार रक्षा मन्त्रालयमा पेश गर्नु हुनेछ ।

(ग) होनहार र वफादार अफिसरलाई बाहेक अवधि अन्त्य भएको बेलामा राख्न नहुने अफिसरलाई रिटायर गराउन मिलाउनु पर्छ ।

१९. उमेरको हदः–

उमेरको हद देहाय बमोजिम हुनेछः–

ओ. आर.– ४६
जमदार– ४७
मे.सु. र सु. सवल्टर्न– ५०
कप.– ५१
मेजर– ५३
ले.क.– ५४
क.– ५५
वृ.ज.– ५६
मे.ज.– ५७
ले.ज.– ५९
ज.– ६०

टिप्पणीः– ले.क.. र सोभन्दा माथिकाहरूको अवधि र उमेरमा जुन अघि हुन आउंछ, त्यसैबाट अवकाश दिइनेछ ।

२०. आक्टिङ्ग दर्जाको उमेरको हद र अवधिः–

यस्तो दर्जा पाएका अफिसरको हद र अवधि, पाएको आक्टिङ्ग दर्जा बमोजिम नै हुनेछ । पेन्सन चाहिं आफ्नो सब्स्टचाण्टिभ दर्जाकै मिल्नेछ ।

२१. लोकल र टेम्पोररी उमेरको हद र अवधिः–

यी दर्जाको उमेरको हद र अवधि आफ्नो सब्स्टचाण्टिभ दर्जा बमोजिम हुनेछ ।

२२. अनरेरी दर्जाः–

(क) २५ वर्ष वा सोभन्दा माथि सन्तोषपूर्ण सेवा गरी कदर लायक ठहरिएका सुबेदार र मे.सु. लाई निजहरू सेवामा हुंदै वा रिटायर हुंदा अनरेरी कप. वा ले. दर्जा श्री प्रधान सेनापतिले दिन सक्नुहुनेछ । यस्तो अनरेरी दर्जा पाउनेहरू कमिशण्ड

७८

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अफिसरभन्दा जुनियर हुनेछन् । उमेर हद, पेन्सन, तलब, आपनो जे. सी. ओ. दर्जा बमोजिम हुनेछ । निजहरूको सोल्जर व्याजमा केही फरक हुनेछ ।

(ख) २५ वर्ष वा सोभन्दा माथि सन्तोषजनक सेवा गरी लायक ठहरी प्रमोशनलाई अनुकूल नपरी रिटायर हुने अफिसरहरूमा मेजरसम्मको एक दर्जा माथिको अनरेरी दर्जा श्री प्रधान सेनापतिले दिई श्री ५ को सरकार रक्षा मन्त्रालयलाई जनाउ गर्नुहुनेछ । ले क. र सो भन्दा माथिलाई रक्षामन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

२३. गोप्य रिपोर्टः–

श्री प्रधान सेनापतिले हरेक अफिसरको र ए. जि. ले. ज. सी. ओ., एन. सी.. ओ. इत्यादिको गोप्य रिपोर्ट निम्न बमोजिम राख्नु हुनेछ :–

(क) कोर्सहरू सहितको नोकरी-इतिहास, पोष्टिङ्ग, आएप्वाइण्टमेण्ट र ट्रान्सफर,

(ख) सालियाना विश्वस्त रिपोर्टहरू,

ग) अनुशासन सम्बन्धी विषयहरू सहितको बिवरण उसको पक्ष र विपक्षमा ।

जब अफिसर नियुक्ति वा प्रमोशनको निमित्त विचार गरिन्छ, त्यस बखत सिलेक्शन बोर्डलाई संकेतको मद्दतको निमित्त डोसियर पेश गरिन्छ ।

२४. विशेष सुविधा पेन्सनः–

(क) पेन्सन पाक्ने नोकरी वर्ष अफिसरको २० वर्ष र र सुबेदार र सोदेखि मनिलाई १५ वर्ष भैरहेकोमा यो नियम अनुसार नयां भर्ना हुने अफिसरलाई पेन्सनको हद २२ वर्ष र सो मनिलाई १७ वर्ष हुनेछ ।

(ख) साबिकदेखि बहाल भैरहेका अफिसर जवानको हकमा साबिक उमेरको हदबाट रिटायर भै साबिकै नियम बमोजिम पेन्सन लिने वा यो नयां नियम बमोजिम रिटायर भै यही बमोजिम पेन्सन लिनेमा इच्छाधीन गरिएको छ । यसरी इच्छा-उंदा यो २०२१ साल आषाढ मसान्तभित्र सबै बहालवाला अफिसर जवानले इच्छाइसक्नुपर्नेछ । त्यस उप्रान्त नयां नियम बमोजिम नै हुनेछ ।

२५. खारेजः–

यस नियममा लेखिएजति यही बमोजिम र यो नियमले नभ्याउनेमा अन्य प्रचलित सैनिक नियम वा सरकारबाट भएको आदेश वा अनुदेश बमोजिम हुने गरी तथा यसमा बाझिने नियमहरू सहित साबिक नेपाल आर्मीको अफिसरहरूको प्रमोशन नियमहरू सबै खारेज गरिएको छ ।

आज्ञाले–
मे.ज. पद्मबहादुर खत्री
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।